आज मिति २०७९ साल चैत्र २५ गते शनिबार बिहान ११:०० बजे नयाँ प्रशासकीय भवनको कार्यपालिका बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिम उपस्थित भयौं।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री पुष्पा कुमारी झा | प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता श्री जीतेन्द्र गिरी, प्र.प्र. दर्जा
श्री तारानाथ अधिकारी . का. स.

Scanned with CamScanner

## सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकका निर्णय समीक्षा सम्बन्धमा। | यस गाउँपालिकाको मिति २०७९ चैत्र ०८ गते बुधवारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु समीक्षा गरियो। |
| २ | गाउँ शिक्षक अनुदान सम्वन्धमा । | (क) गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा नियुक्त गरिने गाउँ शिक्षक अनुदान कोटा आधारभूत तह (१-५), आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (११-१२) को क्रमशः ३२, ३१, ४ र ४ निर्धारण गर्ने ।<br>(ख) गाउँ शिक्षक अनुदान कोटामा नियुक्त हुने शिक्षकको मासिक तलब भत्ता आधारभूत तह (१-५), आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (११-१२) को क्रमशः रु.१५,०००/- (पन्ध्र हजार), रु.१८,०००/- (अठार हजार), रु.२५,०००/- (पच्चिस हजार) र रु.३७,०००/- (सैतिस हजार) का दरले १२ महिना अवधिको उपलब्ध गराउने ।<br>(ग) आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (११-१२) मा अनुदान कोटा उपलब्ध भएका विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयवाट विषय एकीन गरी शिक्षा, युवा तथा खेलकुद शाखामा माग निवेदन पेस गर्न निर्देशन दिने । |
| ३ | गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा । | गाउँ शिक्षा समितिको मिति २०७९/१२/२३ गतेको निर्णयानुसार गरिएको प्राथमिक तह, तृतीय श्रेणीका स्थायी शिक्षकहरुको पदस्थापन सम्बन्धी निर्णय अनुमोदन गर्ने । |
| ४ | अवलोकन भ्रमण स्वीकृति सम्वन्धमा । | तीनपाटन गाउँपालिकाको चालु आ.व २०७९/०८० मा शिक्षातर्फ विनियोजित कार्यक्रम नमूना सामुदायिक विद्यालयहरुको अध्ययन अवलोकन भ्रमण शीर्षकमा विनियोजित रकमबाट यस गाउँपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुको मिति २०७९/१२/२७ गतेबाट हुने ७ (सात) दिनको अवलोकन भ्रमणका लागि स्वीकृति दिने । |
| ५ | शिक्षकलाई कामकाजमा खटाउने सम्वन्धमा । | यस गाउँपालिकाको शिक्षा ऐन, २०७४ को परिच्छेद-५ को दफा ३३ (४) बमोजिम गाउँ शिक्षा समितिको मिति २०७९/१२/२४ को निर्णयानुसार सिफारिस भई आएका शिक्षकहरुलाई कामकाजमा खटाउने । |



Scanned with CamScanner

## सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ६ | विद्यालय गाभ्ने, तह तथा कक्षा घटाउने सम्वन्धमा । | शिक्षा समितिबाट सिफारिस भई आएका विद्यालयहरुलाई गाभ्ने, तह तथा कक्षा घटाउने । |
| ७ | पुनः एकीकरण कार्यक्रम कार्यान्वयन सम्वन्धमा । | यस गाउँपालिका र वैदेशिक रोजगार बोर्डको सचिवालयबीच मिति २०७९/१२/१७ गते भएको वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकीकरण कार्यक्रम गर्न यस गाउँपालिकावाट रु.१,२९,०००/- (एक लाख उन्तिस हजार) र बोर्डको रु.८,६०,०००/- (आठ लाख साठी हजार) गरी जम्मा बोर्डको रु.९,८९,०००/- (नौ लाख उनान्नब्बे हजार) रकमको प्रविधि हस्तान्तरण सम्बन्धी कार्य गर्ने । गाउँपालिकाले व्यहोर्नु पर्ने रकम समपुरक कोषवाट खर्च गर्ने । |
| ८ | घर जग्गा वहाल कर सम्वन्धमा । | यस गाउँपालिकाको आ.व. ०७९/८० को विनियोजन ऐन, २०७९ को अनुसूची-३ घर जग्गा वहाल कर वैदेशिक अध्ययनको सिलसिलाको लागि आम्दानी प्रमाणीकरण गर्दा १ (एक) प्रतिशंत मात्र असुल गर्ने । |
| ९ | वालमैत्री तथा पोषणमैत्री वडा तथा स्थानीय तह घोषणा सम्वन्धमा । | यस गाउँपालिकामा बालअधिकारको प्रवर्द्धन गर्दै बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन सम्वन्धी नीति, संरचना तथा कार्यक्रमलाई प्रभावकारी बनाउँदै सम्वत् २०८२ भित्र गाउँपालिकालाई वालमैत्री तथा पोषणमैत्री स्थानीय तह घोषणा गर्न निम्नानुसार गर्नेः<br>(क) गाउँपालिकास्तरमा वालमैत्री स्थानीय शासन समिति तथा सवै वडाहरुमा वडा बालअधिकार तथा वालमैत्री स्थानीय शासन समितिहरुको गठन र पुनर्गठन गर्ने ।<br>(ख) गाउँपालिकास्तरमा पोषणमैत्री स्थानीय तह घोषणाको लागि पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा वडास्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठनं तथा पुर्नगठन गर्ने ।<br>(ग) कक्षा ५ भन्दा माथिल्लो तहका अध्ययन अध्यापन हुने सवै सामुदायिक तथा नीजि विद्यालय र समुदायहरुमा वाल क्लबहरुको गठन/पुनर्गठन गर्ने ।<br>(घ) सवै वडाहरुमा वडा स्तरिय बाल क्लव सञ्जाल गठन गरी पालिका स्तरको बालक्लव सञ्जालमा आवद्धता गराउने र सवै क्लव र सञ्जाल गाउँपालिकामा सूचिकृत गर्ने र प्रमाणपत्र वितरण गर्ने । |

सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
| --- | --- | --- |
| | | (ङ) वाल कल्याण अधिकारीलाई बालबालिकाका सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्वन्धी नियमावली, २०७८ मा उल्लेख भएअनुसारको कार्य जिम्मेवारी प्रभावकारी गराउने र वालकल्याण अधिकारीको भूमिकाको विषयमा कार्यविधि वनाई कार्य गर्ने गराउने ।<br>(च) वालकल्याण अधिकारी श्री संगीता श्रेष्ठलाई बालमैत्री फोकल व्यक्ति र महिला तथा वालबालिका शाखालाई वालमैत्री फोकल शाखाको रुपमा तोक्ने । साथै, पोषणमैत्री फोकल व्यक्ति श्री सुनिता न्यौपाने र स्वास्थ्य शाखालाई सम्पर्क शाखा तोक्ने ।<br>(छ) यस गाउँपालिकामा बालमनोविज्ञ तथा सामाजिक कार्यकर्ताको सुचिकरणको लागि आव्हान गर्ने ।<br>(ज) यस गाउँपालिका तहमा बाल संरक्षण प्रणालीको विकासका लागि बालसंरक्षण प्रणाली नक्शानङ्क गर्ने ।<br>(झ) बालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार विशेष संरक्षण आवश्यक भएका वालवालिकाको संरक्षणका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।<br>(ञ) हाल बनाइएका बालबालिका सम्बन्धी कानुन, नीति, कार्यविधि तथा निर्देशिकाहरु आवश्यक पुनरावलोकन गरी संशोधित कार्यविधी आगामी बैठकमा पेश गर्ने र सोहि अनुरुप कार्यन्वयन गर्न पहल गर्ने ।<br>(ट) बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि बालबालिकाको प्रोफाइल तथा अवस्था प्रतिवेदन, लगानी योजना, दिगोपनाका लागि रणनीतिक योजना र बालमैत्री आचारसंहिता तयार गर्ने ।<br>(ठ) वालमैत्री कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७८ अनुरुप 'वालमैत्री स्थानीय शासन समिति', 'अनुगमन समिति', 'समन्वय समिति' गठन गर्ने ।<br>(ड) बालमैत्री स्थानीय शासनको कार्यान्वयनसँगै गाउँपालिकालाई पोषणमैत्री स्थानीय तहको रुपमा सम्वत् २०८२ चैत्र मसान्तसम्म घोषणा गर्ने र सो घोषणाको लागि पोषणमैत्री स्थनीय शासन घोषणा कार्यविधि, २०७९ पारित गरी सोही अनुरुप गर्ने । साथै, वडा नं. १० लाई २०८० सम्म पोषमैत्री स्थानीय शासन घोषणा गर्ने र क्रमशः बालमैत्री वडा घोषणा भएका वडामा पोषणमैत्री वडा घोषणा गर्ने । |



Scanned with CamScanner

सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | (ढ) गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह, बाल विवाहमुक्त स्थानीय तह, पुर्ण खोप अभियान, संस्थागत सुत्करी सत प्रतिशत अभियान (जिरो होम डेलिभरी), विद्यालय शान्ति क्षेत्र अभियान तथा पुर्ण र नियमित विद्यालय अभियान समेत सञ्चालन गर्ने।<br>(ण) गाउँपालिकाको बालमैत्री स्थानीय शासन तथा बालअधिकारसँग सम्बन्धित अनुभव, उपलब्धी र सिकाइहरूको अभिलेखीकरण र दस्तावेजीकरण गरी प्रकाशन गर्ने तथा पालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र तयार गर्ने ।<br>(त) बालबालिकाका सवालमा विषयगत कार्यालय, विकास साझेदार, राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय संघ संस्था, नागरिक समाज, नीजि क्षेत्र, वित्तिय संस्था, उपभोक्ता समुह, टोल विकास संस्था, समुदायमा आधारित संस्था, आमा समुह, युवा क्लब, बालक्लब, विद्यालय, सञ्चार क्षेत्र लगायतका सरोरकारवालाहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी विकाश गरी बालमैत्री पालिकाको अभियान तोकिएको समयमा नै पुरा गरी बालमैत्री पालिका घोषणामा जुट्ने ।<br>(थ) बाल उद्यान, स्तनपान कक्ष र महिनावारी आराम कक्ष व्यवस्था गर्ने निर्णय गरियो ।<br>(द) प्रचलित शिक्षा ऐन र स्वास्थ्य ऐनमा भएको व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिका सदस्य हुने प्रावधान नभए पनि सो समितिमा बालबालिकालाई आमिन्त्रित सदस्य राख्ने ।<br>(ध) सबै शैक्षिक संस्थाका सवारी साधन सन्चालनका न्युनतम मापदण्ड बनाइ लागु गर्ने ।<br>(न) बालमैत्री वडा घोषणाको लागि सम्वत् २०८० भदौ भित्र वडा नं. ५ र ११ लाई घोषणा गर्ने र क्रमशः ३, ७, ६, २, १, ४, ८, ९ वडाहरुलाई २०८२ चैत्रसम्म बालमैत्री घोषणा गर्ने ।<br>(न्न) वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, रिलिफ नेपाल, सिड्स नेपाल, ह्याण्डस नेपाल, सा वि का नेपाल, जे डि पि एससँग बालमैत्री स्थानीय शासन तथा पोषणमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्नको लागि नीतिगत तथा कार्यगतरुपमा साझेदारीमा गरी कार्य गर्ने र अन्य सहयोगी निकायहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गर्ने । |
| १० | सामुहिक प्रतिवद्दता सम्वन्धमा । | नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरु, विकास साझेदारहरु, नीजि क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुसँग भएका प्रतिवद्दताको आधारमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन भईरहेको छ |

कमला सिम गंगा तारा



Scanned with CamScanner

## सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णयनं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td></td><td></td><td>। नेपालले सन् २०३० सम्ममा कुपोषण अन्त्य गर्ने र मिति २०८७ साल भित्र पोषणमैत्री स्थानीय तह घोषणा गर्न लिएको लक्ष्यलाई पुरा गर्न यस गाउँपालिकाको जनप्रतिनिधिहरु र सरोकारवालाहरुवीच वालमैत्री तथा पोषणमैत्री स्थानीय तह घोषणाको लागि मिति २०७९ चैत्र २३ देखि २५ गतेसम्म भएको नीतिगत सम्वादमा उपस्थित भई तपसिलका प्रतिवद्दता जाहेर गर्दछौं ।<br><br>तपसिल<br>१. पोषणमैत्री स्थानीय शासन अवलम्वनका लागि आवश्यक नीतिहरु तथा संरचनाहरु निर्माण गर्ने ।<br>२. वहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखीकरण र सामुहिक प्रतिवद्धता समुदायस्तरसम्म सञ्चालन गर्ने ।<br>३. वडा तथा पालिकास्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा पुर्नगठन गरी सक्रिय गराउने ।<br>४. शाखागत र पालिका स्तरमा पोषण सम्पर्क व्यक्ति, डेक्स स्थापना गर्ने ।<br>५. वहुक्षेत्रीय पोषण योजनाको वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता, योजना कार्यान्वयन र विशेष अभियान सञ्चालन गर्ने ।<br>६. पोषणमैत्री स्थानीय तह घोषणाको लागि सरोकारवालाहरुको पहिचान, नक्साङ्कन, अनुगमन, समीक्षा र मुल्याङ्कन गर्ने ।<br>७. पोषणमैत्री स्थानीय शासनको न्यूनतम सेवा सुचकहरुको अद्यावधिक, प्रमाणिकरण गरी सम्वत् २०८२ सालसम्म पोषणमैत्री स्थानीय तह घोषणा गर्ने ।</td></tr>
<tr><td>११</td><td>वालमैत्री आचारसंहिता सम्वन्धमा ।</td><td>यस गाउँपालिकामा वालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि तपसिल वमोजिमको वालमैत्री आचारसंहिता लागू गर्ने:
<table>
<tr><th>बालबालिकाले पालना गर्नु पर्ने आचारसंहिता</th><th>अभिभावकले पालना गर्नु पर्ने आचारसंहिता</th><th>जनप्रतिनीधिले पालना गर्नु पर्ने आचारसंहिता</th></tr>
<tr><td>▪ विद्यालय उमेरका सवै वालवालिका विद्यालय पोशाकमा नियमित विद्यालय जाने ।</td><td>▪ विद्यालय उमेरका वालवालिकालाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने<br>▪ विद्यालयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक</td><td>▪ स्थानीय सरकार संचालन ऐन, नियम रणनीतिले दिएको अधिकार प्रयोग गरि वडा तथा पालिकालाई वालमैत्री घोषणा गर्ने । वालमैत्री आचरण गर्ने</td></tr>
</table></td></tr>
</table>



Scanned with CamScanner

सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु | | |
|---|---|---|---|---|
| | | | सहयोग गर्ने । | |
| | | ▪ वालक्लवमा आवद्ध भई सक्रिय सहभागिता जनाउने | ▪ वालबालिकालाई वालक्लवमा सहभागी हुन प्रेरित गर्ने र भेदभाव नगर्ने । | ▪ वालक्लव सञ्जाल गठन, सञ्चालन, सहजीकरण, क्षमता विकासकालागि अवसर दिने र वैठक गर्न सिकाउने । |
| | | ▪ विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने । | ▪ समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने । | ▪ भौतिक पूर्वाधार निर्माण गर्दा वालमैत्री, अपाङ्गतामैत्री अवधारणा अवलम्वन गर्ने । |
| | | ▪ वालविवाह, वालयौन दुर्व्यवहार, वालश्रम र हिंसा नगर्ने यदि गर्न लागे तुरुन्त रोक्ने वा निःशुल्क नं १०९८, १०० मा खवर गर्ने । | ▪ वालविवाह, वालयौन दुर्व्यवहार, वालश्रम जस्ता कार्य नगर्ने र नगराउने सो देखिएमा सम्वन्धीत निकायमा सूचना दिने । | ▪ वालवलिका माथि शोषण, हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई दण्डित गर्ने ।<br>▪ वालविवाह, वालश्रम, लागुपदार्थ, दाइजो प्रथा अन्त्य गर्ने ।<br>▪ वालश्रमको रुपमा प्रयोग नगर्ने । |
| | | ▪ सधै पोषिलो खाना र नियमित व्यक्तिगत स्वास्थ्य सरसफाइमा ध्यान दिने | ▪ आफ्ना वालबालिकाको स्वास्थ्य, पोषण तथा सरसफाइमा ध्यान दिने र असल व्यवहार सिकाउने । | ▪ घरपरिवार, विद्यालय तथा समुदायलाई सरसफाइ तथा स्वास्थ्य वातावरण निर्माणको लागि काम गर्ने र भएनभएको अनुगमन गर्ने । |
| | | ▪ आफुसँग सम्वन्धित पारिवारिक छलफल तथा | ▪ अभिभावक समक्ष निर्धक्कसँग वालबालिकाले आफ्नो कुरा राख्न सक्ने | ▪ नगरपालिका क्षेत्र भित्रका वालबालिकालाई वडाभेला, योजना |



Scanned with CamScanner

सम्वत् २०७९ साल चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु | | |
|---|---|---|---|---|
| | | निर्णयमा सहभागी हुने । | वातावरण सिर्जना गर्ने । | तर्जुमा समिति र सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा वालवालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्ने ।<br>▪ वडा,नपाको योजना छनौट प्रकृयामा वालवालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चत गराउने । |
| | | ▪ समय तालिका अनुसार पढ्ने लेख्ने, सुत्ने, खेल्ने वानीको विकास गर्ने । | ▪ परिवारमा निममित पढ्ने, खेल्ने तथा आराम गर्ने वानीको विकास गर्न मद्दत गर्ने । प्रविधिमैत्री सिकाइलाई प्राथिमिकता दिने । | ▪ विषयगत सेवा प्रदायक निकाय/शाखासँग निरन्तर वहस छलफल गरि उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने । |
| | | ▪ सुर्ती जन्य, मादक पदार्थको प्रयोग तथा खरिद विक्रि एवं दुर्व्यसनमा संलग्न नहुने । | ▪ मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरिद विक्रिमा वालवालिकालाई संलग्न नगराउने, मादक पदार्थ तथा सुर्तीजन्य अन्त्य गर्न पहल गर्ने । | ▪ कानूनी आधारमा कुलत न्यूनीकरणका लागि सम्वन्धीत निकायको सहयोग लिई कार्य गर्ने । |
| | | ▪ आफू आवद्ध रहेको वा आफूलाई वोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने | ▪ वालक्लव तथा वालवालिका आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागिताको लागि प्रेरित गर्ने । | ▪ अर्थपूर्ण वाल सहभागिताको लागि विषयगत सरोकारवालासँग निरन्तर समन्वय गर्ने र नीतिगत निर्णयहरु गर्ने<br>▪ वालक्लवहरु गठन तथा सहजीकरणमा ध्यान दिने । |
| | | ▪ दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने । | ▪ चर्पीको प्रयोग तथा स्वच्छ खानेपानीको व्यवस्था गर्ने र हात धुने वानी सिकाउने । | ▪ शौचालयको प्रयोग, सरसफाई तथा खुला दिशामुक्त वडा तथा पालिकालाई निरन्तरताका दिने । |



Scanned with CamScanner

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु | | |
|---|---|---|---|---|
| | | ▪ विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह जस्ता राष्ट्रिय अभियानहरुमा वालक्लव मार्फत जनचेतना फैलाउने र सहयोग गर्ने | ▪ वालवालिकाको ३५ दिन भित्र जन्मदर्ता र समुदायमा वालअधिकार प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने | ▪ घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधीक गर्ने |
| | | ▪ साना भाई वैनीलाई वाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकलाई प्रेरित गर्ने । | ▪ साना वालवालिकालाई वालविकास केन्द्रमा भर्ना गर्ने । | ▪ वाल विकास केन्द्रको अवस्था निरन्तर अनुगमन, व्यवस्थापन गर्ने |
| | | ▪ वालमैत्री स्थानीय शासनको प्रर्वद्धनमा वालक्लवका सदस्यहरु परिचालन गर्ने । | ▪ वालमैत्री स्थानीय शासनको प्रवर्द्धन, घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्ध रहने । | ▪ वालमैत्रीको लागि आवधिक लगानी योजना, वस्तुगत विवरण निर्माण गरि कार्यान्वयन गर्ने<br>▪ वालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने । |
| १२ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धमा । | गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ वमोजिम यस कार्यालयमा दर्ता भएका तपसिल वमोजिमका फर्महरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।<br>(क) डेनियल कन्स्ट्रक्सन एण्ड सप्लायर्स, तीनपाटन-४, सिन्धुली ।<br>(ख) लोक ओम कन्स्ट्रक्सन एण्ड सप्लायर्स, तीनपाटन-६, सिन्धुली । | | |
| १३ | वैकल्पिक सूचीका उम्मेदवार सम्वन्धमा । | यस गाउँपालिकाको २०७९/१०/२२, वि.नं. १४/०७९-८०, अ.हे.व र मिति २०७९/१०/२२, वि.नं. १५/०७९-८०, अ.न.मि पदमा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई कार्यालयको आवश्यकता, कार्यबोझ तथा रिक्त दरवन्दीको आधारमा सेवा करार गरी कामकाजमा लगाउन सक्ने । | | |



Scanned with CamScanner

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १४ | विविध । | (क) यस चालु आ.व. ०७९/८० मा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको विभिन्न शिर्षकहरुमा अपुग भएको रकम यसै चालु आ.व.को समपूरक कोषबाट खर्च व्यहोर्ने ।<br>(ख) प्रदेश सरकारबाट प्राप्त भएको रु १५००००। (एकलाख पचास हजार) वालमैत्रि वडा घोषणा प्रोत्साहन् कार्यक्रम वालमैत्रि वडा वडा नं १० लाई प्रदान गर्ने ।<br>(ग) रु १०००००। (एकलाख) सम्मको योजनालाई वडा कार्यसमिति र सम्वन्धीत वडा प्राविधिक मार्फत अनुगमन गराउने । |



Scanned with CamScanner